# एकाइ 6 · बल र चाल

**कार्यपत्र**

पूर्णाङ्क 35

नाम ______________________ कक्षा ________ रोल नं. ______ मिति ____________ प्राप्ताङ्क _____ / 35

## 1 मुख्य शब्द [4]

कोठामा दिइएका उपयुक्त शब्द छानी तलको अनुच्छेदका खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको 0.5 अङ्क छ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **अश्व शक्ति** | **गति** | **घर्षण** | **जुल** | **तौल** | **पिण्ड** | **भेक्टर परिमाण** | **वाट** | **स्केलर परिमाण** | **स्थानान्तरण** |

सुरुको बिन्दुबाट अन्तिम बिन्दुसम्म निश्चित दिशामा नापिएको सबैभन्दा छोटो सिधा दुरीलाई ______________ भनिन्छ। मान र दिशा दुवै चाहिने परिमाणलाई ______________ भनिन्छ भने मान मात्रले पूरा हुने परिमाणलाई ______________ भनिन्छ। एकाइ समयमा वस्तुले गरेको स्थानान्तरणलाई ______________ भनिन्छ। पृथ्वीले कुनै वस्तुलाई आफ्नो केन्द्रतिर तान्ने बललाई त्यस वस्तुको ______________ भनिन्छ। एउटा सतह अर्को सतहमाथि चल्दा चाललाई विरोध गर्ने बललाई ______________ भनिन्छ। कार्यको एकाइ ______________ हो भने कार्य गर्ने दर, अर्थात् सामर्थ्यको एकाइ ______________ हो।

## 2 बहुवैकल्पिक प्रश्न [5]

तलका प्रश्नको सही विकल्प छनोट गर्नुहोस्।

**i.** कार्यको एकाइ कुन हो? [1]

**क.** W **ख.** N
**ग.** J **घ.** hp

**ii.** कुन भनाइ सही हो? [1]

**क.** घिस्रँदा हुने घर्षणभन्दा गुड्दा हुने घर्षण बढी हुन्छ।
**ख.** गुड्दा हुने घर्षणभन्दा घिस्रँदा हुने घर्षण बढी हुन्छ।
**ग.** चिल्लो सतहमा भन्दा खस्रो सतहमा घर्षण कम हुन्छ।
**घ.** सुक्खा बाटामा भन्दा भिजेको बाटामा घर्षण बढी हुन्छ।

**iii.** कुन भनाइ सही हो? [1]

**क.** दुरी र तौल दुवै भेक्टर परिमाण हुन्।
**ख.** दुरी र तौल दुवै स्केलर परिमाण हुन्।
**ग.** दुरी सधैँ निश्चित दिशामा हुने भएकाले यो स्केलर परिमाण हो।
**घ.** तौल सधैँ पृथ्वीको केन्द्रतिर लाग्ने भएकाले यो भेक्टर परिमाण हो।

**iv.** एक जना मानिस घरको मूल ढोकाबाट निस्केर घरको एक फन्को लगाउँदा 70 m हिँड्छन् र फेरि मूल ढोकामै आइपुग्छन्। कुन भनाइ सही हो? [1]

**क.** उनले पार गरेको दुरी र स्थानान्तरण दुवै 70 m हुन्छ।
**ख.** उनले पार गरेको दुरी 70 m हुन्छ, तर स्थानान्तरण 0 हुन्छ।
**ग.** उनले पार गरेको दुरी 0 हुन्छ, तर स्थानान्तरण 70 m हुन्छ।
**घ.** उनले पार गरेको दुरी र स्थानान्तरण दुवै 0 हुन्छ।

**v.** एउटा कार गोलो बाटोमा लगातार 40 km/h मा घुम्छ। कुन भनाइ सही हो? [1]

**क.** यसको वेग र गति दुवै उस्तै रहन्छन्
**ख.** यसको वेग उस्तै रहन्छ, तर गति बदलिन्छ
**ग.** यसको गति उस्तै रहन्छ, तर वेग बदलिन्छ
**घ.** यसको वेग र गति दुवै बदलिन्छन्

## 3 चित्रको नामाङ्कन [3]

चित्रमा ढुङ्गा झुन्ड्याइएका दुईओटा स्प्रिङ ब्यालेन्स देखाइएका छन्। 1 देखि 6 सम्मका अङ्कले जनाएका भागको नाम वा स्केलमा पढिएको तौल लेख्नुहोस्। प्रत्येकको 0.5 अङ्क छ।




1. ______________________ 2. ______________________
3. ______________________ 4. ______________________
5. ______________________ 6. ______________________

## 4 अति छोटो उत्तर [3]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

**क.** पृथ्वीको सतहनजिक गुरुत्व प्रवेगको मान कति हुन्छ? [1]

______________________________

**ख.** तौल नाप्ने उपकरणको नाम लेख्नुहोस्। [1]

______________________________

**ग.** 1 किलोवाटमा कति वाट हुन्छन्? [1]

______________________________

## 5 छोटो उत्तर [8]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

**क.** वेग र गतिबिच कुनै दुई फरक लेख्नुहोस्। [2]

**ख.** "घर्षण हाम्रो शत्रु र मित्र दुवै हो।" यस भनाइलाई पुष्टि गर्नुहोस्। [2]

**ग.** घर्षण घटाउने कुनै दुई उपाय लेख्नुहोस्। [2]

**घ.** घरको भित्तालाई धकेलिरहेको मानिसले कार्य गर्छ कि गर्दैन? कारण दिनुहोस्। [2]

## 6 लामो उत्तर [4]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

उदाहरणका आधारमा दुरी र स्थानान्तरणलाई स्पष्ट पार्नुहोस्।

## 7 गणितीय समस्या [6]

तलका गणितीय समस्या समाधान गर्नुहोस्। हिसाबका सबै चरण देखाउनुहोस्।

**क.** 20 m/s को वेगमा गुडिरहेको कारले 10 s मा कति दुरी पार गर्छ? [2]

**उत्तर:** ______________________

**ख.** एक जना भरियाले 50 kg चामलको बोरालाई जमिनबाट 3 m अग्लो बसको छतमा उचाल्छन्। त्यसपछि 450 N बलले धकेलेर बोरालाई छतमा 4 m सार्छन्। ($g = 9.8\ m/s^2$) [4]

i. उनले गुरुत्वविरुद्ध कति कार्य गर्छन्? (2)

ii. उनले घर्षणविरुद्ध कति कार्य गर्छन्? (2)

**उत्तर:** ______________________

## 8 सोच्नुहोस् [2]

सोचेर उत्तर लेख्नुहोस्।

दुई जना व्यक्तिले बराबर कार्य गर्छन्। कुन अवस्थामा तिनीहरूको सामर्थ्य बराबर हुन्छ र कुन अवस्थामा फरक हुन्छ? स्पष्ट पार्नुहोस्।

## 9 क्रियाकलाप: घिस्रने र गुड्ने (क्रियाकलाप 6.7 र 6.9) (अङ्क नदिइने)

इँटा वा काठको ब्लकलाई तालिकामा दिइएका हरेक तरिकाले स्प्रिङ ब्यालेन्सद्वारा भुइँमा बिस्तारै र एकनासले तान्नुहोस् र स्प्रिङ ब्यालेन्सको नाप लेख्नुहोस्।

| ब्लक कसरी तानियो | स्प्रिङ ब्यालेन्सको नाप (N) |
|---|---|
| चौडा सतह भुइँतिर पारेर | |
| साँघुरो किनारामा उभ्याएर | |
| साँघुरो किनारामा, माथि अर्को ब्लक राखेर | |
| दुई तीनओटा गोलो पेन्सिलमाथि गुडाएर | |

घर्षणबारे के पत्ता लाग्यो?